नेपाल सरकार
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
सानेपा, ललितपुर

कार्यक्रम प्रस्ताव पेश गर्ने म्याद थप गरिएको सूचना

म्याद थप मितिः २०८३/०८/१० गते

यस प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०८३/०८४ मा आदिवासी जनजातिहरूको उत्थान, विकास, सशक्तीकरण तथा भाषा, संस्कृति र पहिचानको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न आठ वटा कार्यक्रमका क्षेत्रमा परियोजना प्रस्ताव आह्वान गरिएकोमा इच्छुक आदिवासी जनजाति संघ/संस्थाहरू तथा व्यक्तिहरूको अनुरोध र सुविधालाई मध्यनजर गर्दै प्रस्ताव पेश गर्ने अन्तिम म्याद २०८३ मंसिर १६ गतेसम्म (७ दिन) थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यसअघि प्रकाशित सूचनामा उल्लेख भएबमोजिम प्रतिष्ठानको वेबसाइट www.nfdin.gov.np मा लगइन गरी अनलाइन प्रणालीमार्फत आफूले प्रस्ताव गर्न चाहेको कार्यक्रमको क्षेत्र छनोट गरी आवश्यक विवरण तथा कागजातहरू अपलोड गर्नुका साथै रु. १,०००/- दर्ता शुल्क eSewa वा Mobile Banking मार्फत भुक्तानी गरी तोकिएको म्यादभित्र परियोजना प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

परियोजना प्रस्ताव पेश गर्ने प्रक्रिया, कार्यक्रमका क्षेत्रहरू, आवश्यक कागजात तथा अन्य मापदण्डहरू यसअघि प्रकाशित सूचनामा उल्लेख भएबमोजिम नै कायम रहनेछन्। साथै, अनलाइनमार्फत पेश गरिएका प्रस्तावका आवश्यक कागजातहरूको हार्डकपी २०८३ मंसिर २७ गतेभित्र व्यक्ति स्वयं वा हुलाक/कुरियरमार्फत प्रतिष्ठानमा आइपुग्ने गरी पठाइसक्नुपर्नेछ।

थप जानकारीका लागि :
इमेलः mail@nfdin.gov.np फोन नं.: ०१-५१८३१६५, ०१-५१८३१७४
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर